सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ७ अङ्क १६ कार्तिक ३० आईतबार

# मतदाता दर्तादेखि नै सुशासनको आधार

देशभर आगामी फाल्गुन २१ गते प्रतिनिधि सभा निर्वाचनको तयारी तीव्र बन्दै गएको छ। निर्वाचन केवल राजनीतिक परिवर्तनको माध्यम मात्र होइन। यो राज्य संरचना, नागरिक अधिकार, सुशासन र लोकतान्त्रिक मूल्यको जरा बलियो बनाउने अत्यन्त संवेदनशील राष्ट्रिय प्रक्रिया हो। त्यसैले निर्वाचनमा जनविश्वास कायम राख्न आवश्यक तयारीहरू समयमै, योजनाबद्ध ढंगले र नागरिकमैत्री प्रणालीबाट सम्पादित हुनु अत्यावश्यक मानिन्छ। हाल देशभर मतदाता नामावली अद्यावधिक तथा दर्ता प्रक्रियामा देखिएको भीड, अन्तिम क्षणतर्फ बढ्दो चाप, अनलाइन प्रणालीमा देखिने अवरोध र कार्यतालिका परिमार्जनको आवश्यकता। यी सबैले निर्वाचन व्यवस्थापन र नागरिक सेवाप्रतिको अपेक्षित सुधार अझै अपूरो रहेको देखाएका छन्। दर्ता अवधि थपिनु एउटा व्यवस्थापकीय आवश्यकता भए पनि, यसले दर्ता प्रणालीलाई अझ प्रभावकारी रूपमा कसरी संस्थागत गर्न सकिन्छ भन्ने विषयमा महत्वपूर्ण चर्चा सुरु गरेको छ।

मतदाता शिक्षा कार्यक्रम सुरु नहुनु, नागरिकमा जानकारी पर्याप्त मात्रामा नपुग्नु, अन्तिम क्षणतिर सेवाग्राहीको चाप बढ्नु यी सबै देशभर दोहोरिने चुनौती हुन्। प्रशासनिक दृष्टिले हेर्दा, जब सेवा समयमै दिइँदैन वा सूचनाको पहुँच स्पष्ट हुँदैन, त्यही सेवा अन्तिम चरणमा असामान्य रूपमा भारी बन्छ। यसले कर्मचारीप्रति अनावश्यक दबाब र नागरिकमा असन्तुष्टि दुवै जन्माउँछ। अहिले आवश्यक छ। सूचना प्रवाहलाई पहिले, सेवालाई निरन्तर, र नागरिक सहभागितालाई सुनिश्चित बनाउने। निर्वाचन शिक्षालाई पछाडि धकेल्ने परम्परासँग अब बिदा लिनुपर्छ।

अनलाइन दर्ता प्रणाली देशभरका नागरिकका लागि महत्वपूर्ण सुविधा हो। तर अत्यधिक चाप पर्दा हुने अवरोधले यसले पुऱ्याउन खोजेको सेवा–क्षमता कमजोर देखिन्छ। डिजिटल सेवा विश्वसनीय नभए लोकतान्त्रिक प्रक्रियामाथिको नागरिकको भरोसा घट्न सक्छ। यसैले निर्वाचन आयोगदेखि स्थानीय प्रशासनसम्म डिजिटल पूर्वाधार निर्माण र विस्तारलाई कार्यगत प्राथमिकतामा राख्नुपर्ने आवश्यकता स्पष्ट भएको छ। मतदान स्थलहरूको जोखिम मूल्यांकन, संवेदनशील क्षेत्र पहिचान, सुरक्षा परिचालन, र मतदान दिवसको व्यवस्थापन यी सबै निर्वाचन सफलताका आधारस्तम्भ हुन्। देशभर सुसंगत सुरक्षा तयारी कायम गर्न निर्वाचन आयोग, स्थानीय प्रशासन, सुरक्षा निकाय र राजनीतिक दलहरूबीच निरन्तर समन्वय बन्नु अपरिहार्य छ। सुरक्षा संयन्त्रलाई आधुनिक प्रविधि, तथ्य–आधारित विश्लेषण र समुदाय–आधारित सूचनासँग जोड्न सके, निर्वाचन अझ सुरक्षित, व्यवस्थित र विश्वसनीय बन्न सक्छ।



**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# एक वर्षको सुविधा त्यागेर वडाध्यक्षले गरे चार विद्यालयमा अक्षय कोष स्थापना



❖ *बालाराम शेर्पाली*

रुकुमपूर्व।स्थानीय तहका जनप्रतिनिधिमाथि भत्ता, सुविधा र खर्च बढाएको आरोप छ । तर रुकुमपूर्वको भूमे गाउँपालिका –७ का वडाध्यक्षले पदले दिएको सुविधा उपभोग गर्ने होइन, समुदायमा फर्काउने संस्कार आरम्भ गरेका छन् । वडाध्यक्ष संगम रोका मगरले आफूले पाउने सेवा–सुविधाको रकमलाई वडाभित्रका गरिब तथा जोखिममा रहेका विद्यार्थीका लागि दीर्घकालीन शैक्षिक सुरक्षाको स्वरूपमा रूपान्तरण गरेका छन् । उनले चार सार्वजनिक विद्यालयमा रु. ५०–५० हजारका दरले अक्षय कोष स्थापना गरिदिएका हुन ।

"विद्यालय सुरु हुने बेलामा धैरै बालबालिकाले पोसाक पनि पाउँदैनन् । कापी कलम किन्न नसकेर कक्षामा पछाडि पर्छ न् । कतिपले विद्यालय नै छोडेको देखेको छु । मलै पाउने सुविधा उनीहरूमा लगानी गर्न सके भने त्यो नै सही अर्थमा सेवा हो भन्ने लाग्यो।" र पैसा नभएर विद्यालय छोड्नुपर्ने अवस्था हटोस् भन्ने अठोटका साथ मैले अक्षय कोष स्थापना गरेको हुँ । रोकामगरले भने ।वडाभित्र गरिब, विपन्न तथा एकल अभिभावकका बालबालिकाको छुट्टै सूची नै छ । कोही दैनिक मजदुरीमा, कोही कतार–भारततिरको अस्थायी श्रममा आश्रित । आय–अभाव र अस्थिर जीवनका कारण धैरै बालबालिकाले शिक्षा निरन्तरता पाउन सकेका छैनन् ।रोका मगर भन्छन्, "भत्ता त ठूला कुरा भएन, तर मन राखेर लगानी गरे भने साना रकमले पनि धैरैको जीवन थामिन सक्छ ।"उनले भने ।

जन जागरण आधारभूत विद्यालय रिसालचौर , आधारभूत विद्यालय लाबाङ, जनज्योति आधारभूत विद्यालय धर्मशाला , छेलो फाल्ने आधारभूत विद्यालय गुनाममा गरेका हुन । विद्यालय व्यवस्थापन समितिहरूका अनुसार यो कोषले पहिलोपटक 'दीगो आय' भन्ने धारणा विद्यालयमा भित्र्याएको छ ।

## राजनीतिक संस्कारमा नयाँ प्रश्न : 'जनप्रतिनिधि पदका लागि कि समुदायका लागि ?

देशभर स्थानीय तहमा भत्ता तथा सुविधाका विषयमा छलफल भइरहँदा भूमे–७ मा आएको यो पहलले राजनीतिक संस्कारबारे नयाँ प्रश्न उठाएको छ ।यदि एक वडाध्यक्षले सेवा–सुविधा नलीकन सामुदायिक हितमा

लगानी गर्न सक्छन् भने, अन्य जनप्रतिनिधिका प्राथमिकता किन भिन्न छन् ? यो पहिलादेखि चलिआएको **'पद त्यागेर सेवा'** भन्ने संस्कारको देखिएको छ । धेरै स्थानीयले यसलाई "राजनीतिक स्वार्थभन्दा समुदाय पहिला" भन्ने सन्देशको रूपमा व्याख्या गरेका छन् ।

# वडामै एकीकृत घुम्ती सेवा शिविर लिएर सरकार पुगेपछि स्थानीय खुशी




रुकुमपूर्वको भूमे गाउँपालिका –७ धर्मशाला र वडा–८ पोखरापाटामा सरकारले सञ्चालन गरेको एकीकृत घुम्ती सेवा शिविरले दुर्गम वडाका स्थानीयलाई घरमै सेवा उपलब्ध गराएको छ।तर, वर्षमा दुई दिन मात्र सञ्चालन हुने यस्तो शिविरले स्थानीयको दीर्घकालीन समस्या कति समाधान गर्छ ? यही प्रश्नले यसपटकको खोजको केन्द्र बन्यो ।

स्वास्थ्यदेखि प्रशासनिक कागजरसम्मका काम एउटै ठाउँमा उपलब्ध भएपछि स्थानीयले यसलाई "सरकार हाम्रो गाउँमै झरेको दिन" भन्दै स्वागत गरेका छन् ।

गाउँपालिकाको आयोजनामा र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र (मिक नेपाल) रुकुमपूर्वको आर्थिक सहयोगमा कात्तिक २३ र २४ गते सञ्चालन गरिएको दुई दिने शिविरमा ८७ जनाले सेवा पाए। महिलाहरूका रोगसम्बन्धी निःशुल्क जाँच, गर्भवती महिलाको भिडियो एक्सरे, पाठेघर क्यान्सर परीक्षणदेखि प्रशासनिक कागजात सम्बन्धी सबै सेवा एउटै ठाउँमा उपलब्ध भएपछि स्थानीयले "सरकार गाउँमै झऱ्यो" भन्दै स्वागत गरेका थिए। एकीकृत सेवा प्रवाह घुम्ती शिविरले दुर्गम वडाका बासिन्दालाई सेवा घरमै पुऱ्याएको छ ।

शिविरमा महिला रोग विशेषज्ञद्वारा निःशुल्क स्वास्थ्य परीक्षण, गर्भवती महिलाको भिडियो एक्सरे, पाठेघर क्यान्सर जाँच, औषधी वितरण, साथै गाउँपालिकाका सबै प्रकारका प्रशासनिक र प्राविधिक सेवा प्रदान गरिएको हो । गाउँपालिका उपाध्यक्ष सविना बुढा मगरले घुम्ती शिविरको उद्देश्य दुर्गम र विकट वडामा सेवा पहुँच पुऱ्याउनु नै हो। गाउँपालिका कार्यालयसम्म

आउनु धैरैलाई कठिन छासेवा नपाएको गुनासो बढिरहेका बेला हामी वडामै पुगेर सेवा दिने रणनीति बुढामगरले बताउनुभयो। उहाँले सरकारले स्वास्थ्य तथा प्रशासनिक सेवालाई नागरिकको दैलोसम्म पुऱ्याउने अभियानलाई निरन्तरता विगकता वर्षदेखि नै सचालनमा लिएको बताउनुभयो।

यस्तै वडाध्यक्ष संगम रोकामगरले घुम्ती शिविरले वडाबासीको दैनिकी सहज बनाएको बताउनुभयो। गर्भ जाँच र भिडियो एक्सरे गराउन रुकुमकोटसम्म हिंडेर जानु पर्ने बाध्यता थियो। गाउँमा नै आएर शिविर सञ्चालन गर्दा दुर्गम क्षेत्रमा सेवाको पहुँचमा ठूलो परिवर्तन आउने रोकामगरले बताउनुभयो। गाउँपालिकाका स्वास्थ्य शाखा सहसंयोजक सञ्जीव खड्काका अनुसार, "शिविरमा चेकजाँच गर्दा कुनै व्यक्तिमा जटिल प्रकृतिको रोग भेटिएन", तर नियमित जाँच र उपचार नहुँदा रोग लिएको अवस्था ढिला थाहा पाउने समस्या क्षेत्रमै चिरपरिचित छ।

# भूमे गाउँपालिकामा पोषण तथा खाद्य सुरक्षा समिति बैठक सम्पन्न



कार्तिक २४ भूमे, भूमे गाउँपालिकाको आयोजनामा पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सोमबार सम्पन्न भएको छ। बैठकमा बहुक्षेत्रीय पोषण योजना पोषणमैत्री स्थानीय शासन अभिमुखिकरण तथा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि योजना तर्जुमा गरिएको थियो।

नेपाल सरकारले लागू गरेको बहुक्षेत्रीय पोषण योजना अन्तर्गत रुकुमपूर्वका सबै पालिकाले संघ र प्रदेश सरकारबाट सशस्त्र तथा विशेष अनुदान प्राप्त गरिरहेको लुम्बिनी प्रदेशका बहुक्षेत्रीय पोषण योजना प्रदेश संयोजक नरबहादुर बीसीले जानकारी दिनुभयो। योजनाको दीर्घकालीन लक्ष्य कुपोषणको अन्त्य, मानव पूँजी निर्माण र समग्र

आर्थिक–सामाजिक विकास भईरहेको बिसीले बताउनुभयो । बैठकमा स्थानीय तहका योजना तथा कार्यक्रममा पोषणसम्बन्धी गतिविधि समावेश गर्ने, लक्षित वर्ग पहिचान, स्रोत परिचालन, बजेट विनियोजन, आवधिक समीक्षा तथा अनुगमन प्रणाली प्रभावकारी बनाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिईएको छ । मातृ–शिशु पोषण, नियमित स्वास्थ्य जाँच, स्तनपान, पूरक आहार तथा भिटामिन 'ए' अभिवृद्धिका विषयमा विस्तृत प्रस्तुति दिईएको थियो ।

पोषणमैत्री स्थानीय शासन  कार्यान्वयनका चरण तथा स्थानीय सरकारका भूमिकाबारे प्रस्तुति सुनेपछि भूमे गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना अनुकूल एकीकृत योजना बनाएर आगामी वर्षदेखि प्रभावकारी कार्यान्वयनमा जाने निर्णय समेत गरिएको छ ।

## प्रतिनिधि सभा निर्वाचन तयारी तिव्र, मतदाता दर्ता अवधि थपियो




रुकुमपूर्व । आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई व्यवस्थित र निष्पक्ष बनाउने उद्देश्यले रुकुमपूर्व जिल्लामा निर्वाचन तयारी तीव्र भएको छ । निर्वाचन आयोगको कार्यतालिका अनुसार मतदाता नामावली अद्यावधिक तथा दर्ता प्रक्रिया अहिले चलिरहेको छ ।

निर्वाचन कार्यालय रुकुमपूर्वका जिल्ला अधिकारी बलबहादुर केसीले भने, "कार्तिक मसान्तसम्म तोकिएको दर्ता अवधि जिल्लामा मतदाताको उच्च चापका कारण कठिन भइरहेको थियो । त्यसैले आयोगले देशभर  दर्ता अवधि ७ दिन थप्दै मंसिर ७ गतेसम्म बढाएको छ ।" "मतदाता शिक्षाको कार्यक्रम हाल सुरु भएको छैन । नामावली दर्ता र अद्यावधिक कार्य समाप्त भएपछि यसलाई सञ्चालन गरिनेछ । निर्वाचन कानुन अनुसार मतदाता दर्ता निर्वाचनको मिति घोषणा भएकोदेखि परिणाम घोषणा नभएसम्म रोकिन्छ । तथापि अधिकांश मतदाताले अन्तिम समयमा मात्र दर्ता गर्न कार्यालयमा सम्पर्क गर्ने गरेका छन् । यसले अनलाइन आवेदनको चाप बढाएर सर्भरमा समस्या सिर्जना गरेको छ।" केसे भने ।

मतदान स्थलहरूको संवेदनशीलता सम्बन्धी योजना सुरक्षा निकायको जिम्मेवारीमा रहेको हुँदा सुरक्षा समितिबाट सम्वेदनशिल रहेको  लिन सकिने बताइएको छ । निर्वाचन आयोगले एक्लै काम गरेर निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन सक्दैन । यसका लागि सुरक्षा निकाय, राजनीतिक दलहरू र सरोकारवाला अन्य निकायहरूसँग समन्वय गरेर काम भइरहेको छ ।केसीले बताए ।

समाचार

वर्ष ७ अङ्क १६ २०८२ कार्तिक ३० आईतबार

# रुकुमपूर्वमा सुरक्षित गर्भपतन सेवामा व्यापक बिस्तार




रुकुमपूर्व । स्वास्थ्य कार्यालय रुकुमपूर्वले आर्थिक वर्ष २०८१/८२ मा यो समाचार तयार पार्दासम्ममा जिल्लामा सुरक्षित गर्भपतन सेवा लिने महिलाको तथ्यांक १८२ जना रहेको छ । तथ्यांकअनुसार, २० वर्षभन्दा कम उमेरका २९ महिलाले गर्भपतन सेवा लिएका छन् । २० वर्षभन्दा माथिका महिलामा १५३ महिलाले सेवा लिएका छन् ।

सेवा प्राप्त गरेपछि परिवार नियोजनका साधन अपनाउनेमा छोटो अवधिका लागि ८१ र लामो अवधिका अस्थायी साधन प्रयोग १८ महिलाले गरेका छन् । स्वास्थ्य कार्यालयका सूचना अधिकारी निम प्रसाद गिरीका अनुसार यो तथ्यांक बिगतका बर्ष भन्दा बढी रहेको छ ।

आर्थिक बर्ष २०८०।८१ मा शुरक्षित गर्भपतन सेवा लिने महिला १२१ मध्य २० बर्ष माथीको ११२ र २० बर्ष मुनिको ९ जना महिला रहेका छन । "यो तथ्यांकले देखाउँछ कि सुरक्षीत गर्भपतन सेवा लिने संख्या व्यापक वृद्धि भएको छ। असुरक्षित गर्भ रहेको अबस्थामा १० हप्ता सम्मको गर्भपतन सुचिकृत स्वास्थ्य सस्था (स्वास्थ्य चौकी) बाट र १० हप्ता देखि माथी रुकुमपूर्व अस्पतालबाट निशुल्क रुपमा यो सेवा लिन सकिन्छ।

यद्यपि, गर्भपतन सेवा लिन नपर्ने गरि परिवार नियोजनका साधन प्रयोग गर्नु पर्ने कुरामा जोड दिनु पर्ने साथै प्रजनन स्वास्थ्यको पहुँच अझ व्यापक बनाउन आवश्यक छ । हामी समुदायमा सचेतना फैलाउने र सेवाको पहुँच बढाउने काममा जोड दिएका छौं ।" गिरीले भन्नुभयो ।

# मिक नेपाल र फेयरमेड साझेदारीमा भूमेमा लैंगिक समानता विषयक विशेष कार्यक्रम



कार्तिक २४ भूमे । मिक नेपाल र फेयरमेड फाउण्डेशन नेपालको साझेदारित्वमा सञ्चालित ‘सम्बोधन’ परियोजना अन्तर्गत भूमे गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विशेष छलफल कार्यक्रम सम्पन्न भएको छ ।कार्यक्रममा फेयरमेड फाउण्डेशन नेपाल, रुकुमपूर्वका समावेशी तथा स्वास्थ्य प्रवद्र्धन अधिकृत दानबहादुर कार्कीले समाजमा कायम आउने विभिन्न प्रकारका लैंगिक, जातीय, क्षेत्रीय तथा सामाजिक भेदभावका रूप र तीनका कानुनी परिणामबारे विस्तृत प्रस्तुति राख्नुभएको थियो ।कार्कीले नेपालको संविधान तथा लागू पर्ने कानुनहरूले कुनै पनि व्यक्तिलाई जात, लिङ्ग, क्षेत्र, धर्म वा सामाजिक पहिचानका आधारमा भेदभाव गर्न कडाइका साथ निषेध गरेको उल्लेख गर्दै भेदभाव साबित भएमा लगाइने कानुनी कारबाहीबारे सहभागीहरूलाई जानकारी दिएको बताउनुभयो । “सभ्य र समावेशी समाज निर्माण सबै नागरिकको साझा जिम्मेवारी हो। कुनै पनि प्रकारको भेदभाव सह्य हुँदैन,” कार्कीले भन्नुभयो ।‘सम्बोधन’ परियोजनाले स्थानीय तहमा लैंगिक समानता, सामाजिक न्याय र भेदभावमुक्त वातावरण स्थापनाका लागि निरन्तर सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ। भूमे गाउँपालिकामा भएको यस अन्तरक्रियाले स्थानीय प्रतिनिधि, महिला समूह, युवाहरू तथा सरोकारवालाबीच समानता र समावेशीकरणबारे थप जागरूकता पैदा गरेको आयोजकले जनाएको छ ।

## मा .वि सिमखोलामा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ गरियो



भूमे–८ सिमखोलास्थित सरस्वती माध्यमिक विद्यालयमा कार्तिक २५ गते सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा शिक्षक, अभिभावक, विद्यार्थी, स्थानीय प्रतिनिधि, विभिन्न संघ–संस्था तथा समुदायका सरोकारवालाको उल्लेखनीय सहभागिता थियो । कार्यक्रममा शिक्षक चन्द्रशेखर बिकले शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक र विद्यार्थीबीच सहकार्य अपरिहार्य रहेको बताउनुभयो। अर्का शिक्षक कृष्ण रोकाले विद्यालय सुधार अभिभावकको सक्रियता र सचेत सहभागिताबाट सम्भव हुने धारणा राख्नुभएको हो।

छिमेकी विद्यालय मावि कुचिवाङ्गका प्रधानाध्यापक लोकप्रसाद शर्माले बालबालिकाको हितमा अभिभावक सधैं अग्रसर रहनुपर्ने सुझाव दिनुभएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गङ्गाप्रसाद खड्काले समुदाय, अभिभावक र शिक्षकबीचको सहकार्य तथा पारदर्शिता नै शैक्षिक सुधारको मुख्य आधार भएको उल्लेख गर्नुभएको थियो।

बिचार

वर्ष ७ अङ्क १६ २०८२ कार्तिक ३० आईतबार

# सन्तुलित आहार : स्वस्थ जीवनका लागि अनिवार्य आवश्यकता

❖ ***संजिब खड्का जनस्वास्थ्य निरिक्षक***




स्वस्थ जीवनका लागि सन्तुलित आहार सबैभन्दा महत्वपूर्ण आधार हो । हाम्रा दैनिक खानपानका बानीले नै शरीरको विकास, रोग प्रतिरोधात्मक क्षमता, उर्जा स्तर र समग्र स्वास्थ्यको अवस्था निर्धारण गर्छ। त्यसैले पोषण कर्णरमा उल्लेखित सुझावहरूलाई ध्यानपूर्वक पालना गर्नु अत्यावश्यक छ । हाम्रा दैनिक भोजनमा गुलिया तथा चिल्ला पदार्थहरू सोच विचार गरेर मात्र सेवन गर्नुपर्छ। यी खाद्य पदार्थहरूको अत्यधिक प्रयोगले मोटोपन,मधुमेह, मुटु रोगजस्ता समस्या उत्पन्न गर्न सक्छन् । त्यसैले यसको मात्रा नियन्त्रित राख्दै, आवश्यक मात्रामा मात्र सेवन गर्नु नै स्वास्थ्यका लागि उत्तम हुन्छ ।

प्रोटिन र आवश्यक पोषक तत्वले भरिपूर्ण माछा, मासु, दुध तथा अण्डा नियमित रूपमा सेवन गर्नु स्वास्थ्यका लागि अत्यन्त फाइदाजनक हुन्छ । यी खाद्य पदार्थहरूले शरीरको वृद्धि, मांसपेशीको मजबुती, रगत उत्पादन तथा शारीरिक क्षमता वृद्धि गर्न मद्दत गर्छन् । त्यसैगरी, फलफूल र तरकारीहरू दैनिक रूपमा सेवन गर्नुहोस्। यीमा पाइने भिटामिन, मिनरल र एन्टिअक्सिडेन्टहरूले शरीरलाई रोगबाट जोगाउने मात्र होइन, पाचन प्रणाली सुधार्ने र छालालाई स्वस्थ बनाउने काम गर्छन् ।

हाम्रो नेपाली भान्साको आधार रहेका दाल, गेडागुडी तथा अन्य कचिला–कचिला खाद्यवस्तुहरू प्रत्येक छाकमै समावेश गर्नु जरुरी छ। यीले प्रोटिन, फाइबर र सूक्ष्म पोषक तत्व उपलब्ध गराउँछन्, जसले शरीरलाई स्वस्थ र सबल राख्न मद्दत गर्दछ ।

त्यस्तै, अन्न तथा कन्दमूल पदार्थहरू पर्याप्त मात्रामा सेवन गर्दा शरीरलाई आवश्यक उर्जा प्राप्त हुन्छ । चामल, गहुँ, मकै, आलु, कोदो जस्ता परिकारले हामीलाई दैनिक क्रियाकलापका लागि आवश्यक शक्ति प्रदान गर्छन् । अन्त्यमा, सन्तुलित आहार भनेको कुनै एक प्रकारका भोजनको अत्यधिक सेवन होइन, सबै किसिमका पौष्टिक तत्व उचित मात्रामा समावेश गरिएको खानपान हो । यसले स्वस्थ जीवन, बलियो शरीर, र दीर्घकालीन रोगबाट जोगिन मद्दत गर्दछ । सन्तुलित आहार खाऔ, स्वस्थ रहौ।

# सुरक्षित गर्भपतनबारे महिलामा देखिने प्रमुख गलत धारणा वा डर के–के हुन् ?

❖ *उषा कुमारी पुनमगर*

हाम्रो क्षेत्रमा धेरै महिलामा अझै पनि सुरक्षित गर्भपतनले बच्चा नहुने बनाइदिन्छ, अत्यधिक रगत बग्छ, वा ठूलो अपरेशन गर्नुपर्छ भन्ने गलत धारणा छ। कतिपयलाई त गर्भपतन कानुनी रूपमा उपलब्ध छ भन्ने जानकारी नै छैन । यस्ता मिथकका कारण महिलाहरू डराउने, ढिला गर्ने र धेरैजसो जोखिमपूर्ण व्यक्ति वा ठाउँमा जाने समस्या देखिन्छ । स्वास्थ्य चौकी र क्लिनिकमार्फत परिवार नियोजनका अधिकांश साधनहरू उपलब्ध छन् । तर, जानकारीको कमी, सामाजिक लाज–शर्म, श्रीमान वा परिवारको सहयोग नपाइनु, र कहिलेकाहीँ साधन अभाव हुँदा सबै महिलाले समान रूपमा सेवामा पहुँच पाउन सकेका छैनन्। गाउँ–टोलमा शिक्षा र परामर्श पुगेका ठाउँमा पहुँच राम्रो छ, नपुगेका ठाउँमा भने अझै चुनौती छ । अनियमित ठाउँमा गरिएका गर्भपतनले अत्यधिक रक्तस्राव, संक्रमण, गर्भाशय बिग्रने, बाँझोपन, दीर्घ समस्या तथा ज्यान जानेसम्मका जोखिम हुन्छन्। धेरैजसो केसमा समयमै उपचार नपुगेपछि अवस्था गम्भीर बन्छ। यस्ता समस्या पूर्ण रूपमा रोक्न सकिन्छ यदि महिलाले दक्ष स्वास्थ्यकर्मीबाट समयमै सेवा पाउन सके । हाम्रो क्षेत्रमा दूरी, यातायातको अभाव, घर–परिवारको दबाब, तथा आर्थिक कारणले महिलाले स्वास्थ्य संस्थासम्म समयमै पुग्न सक्दैनन्। कतिपयले लाजले समस्या लुकाउँछन्, कतिपयले 'स्वस्थै होला' भनेर बस्दा अवस्था बिग्रिन्छ। यस्ता कारणले साना समस्या ठूलो बन्ने र कहिलेकाहीँ जोखिमपूर्ण ठाउँमा निर्भर हुने स्थितिहरू देखिन्छन् । हामी सबै महिलाले सुरक्षित मातृत्व र सुरक्षित गर्भपतनको अधिकार पाउँछन्। गर्भपतन कानुनी रूपमा स्वास्थ्य संस्थामै सुरक्षित ढंगले उपलब्ध छ, त्यसैले डराउनुपर्ने कारण छैन। कुनै पनि समस्या, शंका वा जानकारी चाहिएको अवस्थामा नजिकको स्वास्थ्य चौकीमा आएर परामर्श लिनुहोस्। गर्भ रोकथामका साधनहरू निःशुल्क छन्, जटिलता रोक्न सहयोग गर्छन्। समयमै जानकारी, सही सेवा र स्वास्थ्यकर्मीको परामर्श नै महिलाको जीवन र स्वास्थ्य सुरक्षित राख्ने मुख्य उपाय हो।

भविष्यमा गर्भधारण गर्न सक्मे क्षमता हराउछ। गर्भपतन प्रक्रिया एकदमै डरलाग्दो हुन्छ/ सर्जीर गर्नुपर्दछ । सुरक्षित गर्भपतन गर्नु पाप हो । आपतकालिन गर्भनिरोधक चक्की र सुरक्षीत गर्भपतन चक्की एउटै हो । समाजले थाहा पाएछ । यथार्थ सुरक्षित गर्भपतनले गर्दा कुनैपनि किसिमको भविष्यमा निसन्तान हुने डर हुदैन ख तालिमप्राप्त स्वास्थ्यमर्मी द्वारा सुचिकृत ससवास्थ्यकर्मी र संस्थाद्वारा सेवा दिइने हुदा यो सेवा सुरक्षित हुन्छ । आपतकालिन गर्भनिरोधक चक्की र

सुरक्षीत गर्भपतन चक्की दुवैको काम फरक छ । सुरक्षित गर्भपतन गर्नु पाप होइन यसले झन ठुलो मानसिक तथा अन्य समस्यावाट बचाउछ ।

### अवाञ्छित गर्भ रोकथाम का सेवामा महिलाहरु कत्तिको पहुचमा छन ?

परीवार योजना सेवामा महिलाको पहुच पहिले भन्दा धैरै बढ्दै गइरहेको छ । सबैं परिवार योजनाका साधन वितरणको लागी दक्ष स्वास्थ्यकर्मीहरु र साधनहरु प्रयाप्त भए तापनि परीवारको मञ्जुरी नहुनु, परीवार योजनाको साधन वारे गलत धारणा हुनु, जस्ता समस्याले गर्दा भनेजस्तो प्रगति हासिल गर्न कठिनाइ भइरहेको छ ।

### जोखिमपुर्ण गर्भपतनका कारण महिलाले भोग्नुपर्ने मुख्य समस्याहरु

नेपालमा अझैपनि २ प्रतिशत महिलाको ज्यान Unsafe abortion वाट हुने गरेको तथ्याङ्कले देखाउछ । बाझोपन, लामो समयको लागि दुखाइ, भित्री अंगको Damage हुनु आदि जटिल समस्याहरु हुन सक्छन । पूर्ण रुपमा गर्भ नहट्नु । अत्याधिक रक्तश्राव हुनु ।

### दुरदराजका महिलाले समयमै उपचार वा परामर्श नपाउँदा देखिने मुख्य चुनौतिहरु

भौगोलिक विकटताका कारण समयमै परामर्श र उपचार नपाउदा ढिलो गरी स्वास्थ्य संस्थामा पुग्दा स्वास्थ्य जटिलता बढ्ने तथा आपतकालिन सेवा नपुग्ने हुन्छ । कानुनत १२ हप्ता सम्मको गर्भ महिलाको स्व इच्छाले गर्भपतन गराउन पाउने कानुनि अधिकार भए तापनि ढिला गरी स्वास्थ्य संस्थाम पुग्दा सुरक्षित गर्भपतन गर्न नपाउनु, विभिन्न शारिरीक तथा मानसिक समस्याहरु सिर्जना हुनु, पारिवारीक तनाव हुनु, आर्थिक चुनौति थपिनुका साथै असुरक्षित गर्भपतन गर्न वाध्य भएर विभिन्न स्वास्थ्य समस्याहरु सिर्जना भइ ज्यान समेत जान सक्छ ।

### सुरक्षीत मातृत्व र सुरक्षीत गर्भपतन वारे सि अ न मी को तर्फवाट शन्देशहरु

- नियमित रुपमा कम्तिमा आट पटक गर्भजाँच गर्ने ।
- स्वास्थ्यमर्मीले भनेजस्तै आइरन क्याल्सियम र फोलिक एसिडको प्रयोग गर्ने ।
- तालिमप्राप्त स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य संस्थाम मात्र सुत्केरी हुने ।
- जाँड सक्सी रु अन्य लागुऔषधको सेवन नगर्ने।
- स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पोषणयुक्त खानेकुरा खाने तथा आराम गर्ने ।सुरक्षीत गर्भपतन सम्बन्धि सन्देशहरु
- १२ हप्तासम्मको सुरक्षित गर्भपतन नेपालमा कानुनि छ, यसमा महिलाको पुर्ण हक छ ।
- सुचिकृत संस्थामा गएर सुचिकएत स्वास्थ्यकर्मि द्वारा मात्र सुरक्षीत गर्भपतन गराउने ।
- गर्भपतनलाइ परीवार नियोजनको रुपमा प्रयोग नगरी गर्भपतन पश्चात परीवार योजनाको साधन प्रयोग गर्ने ।
- जति सक्दो छिटो स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ताकी थप जटिलता नआओस ।

नागरिक

वर्ष ७ अङ्क १६ २०८२ कार्तिक ३० आईतबार

# वैदेशिक रोजगारीको सामाजिक लागत : विषयगत प्रश्नोत्तर

**वैदेशिक रोजगारीको सामाजिक लागतबारे चर्चा गर्दै वैदेशिक रोजगारीबाट फर्केकाहरूको पुँजी र सिपलाई उपयोग गरी मुलुकको आर्थिक समुन्नतिमा योगदान गर्न के गर्नुपर्ला ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

वैदेशिक रोजगारीबाट प्राप्त आयले रोजगारमा जाने व्यक्ति र आश्रित परिवारको आर्थिक हैसियत बढेको छ । यसले मुलुकको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पारेको छ । यससँगै वैदेशिक रोजगारीले थुप्रै सामाजिक समस्यासमेत सिर्जना गरेको छ । विप्रेषणले मुलुकको आर्थिक सामाजिक क्षेत्रमा पारेका सकारात्मक प्रभावको बारेमा चर्चा हुँदै गर्दा वैदेशिक रोजगारीले सिर्जना गर्ने नकारात्मक सामाजिक असरको बारेमा पनि चर्चा हुन थालेको छ । वैदेशिक रोजगारीको सामाजिक लागत : नेपालमा वैदेशिक रोजगारीका कारण देहायका नकारात्मक सामाजिक असर देखा परेका छन् । यी असरलाई वैदेशिक रोजगारीको सामाजिक लागतको रूपमा लिन सकिन्छ ।

- ❖ पारिवारिक विचलन तथा सम्बन्ध विच्छेदका घटनामा वृद्धि, लैङ्गिक हिंसा तथा आत्महत्याका घटनामा वृद्धि,
- ❖ बालबालिकाको पालन पोषण, माया ममता र हेरचाहमा कमी, ज्येष्ठ नागरिकको स्याहारसम्भार र हेरचाहमा कमी,

परिवारको सदस्यसँग छुट्टिनु पर्दाको मनोवैज्ञानिक असर कामदार र आश्रित परिवार सदस्य दुवैमा देखिनु,

- ❖ चाडपर्वमा परिवारका सदस्य साथमा नहुँदा थप पीडा बोध हुनु,
- ❖ वैदेशिक रोजगारीको सिलसिलामा हुने मृत्यु तथा अङ्गभङ्गका कारण आश्रित परिवारमा आर्थिक तथा मानसिक पीडा थपिनु,
- ❖ अत्यधिक सङ्ख्यामा हुने विदेश पलायनका कारण सामाजिक सम्बन्ध तथा अन्तरनिर्भरता कमजोर हुनु,
- ❖ प्रथा, परम्परा, प्रचलन तथा मौलिक संस्कृति पुस्तान्तरण नहुने जोखिम रहनु,
- ❖ पश्चिमी संस्कृतिको अन्धानुकरण र नेपाली समाजका मौलिक मूल्य मान्यतामा ह्रास आउनु,
- ❖ स्वास्थ्य समस्या लिएर स्वेदश फर्कने बढ्दै जाँदा राज्यलाई स्वास्थ्य सेवा विस्तारमा अतिरिक्त भार थपिनु, मुलुकको विकासका लागि आवश्यक पर्ने श्रमिक तथा बौद्धिक जनशक्तिको अभाव हुनु ।
- ❖ वैदेशिक रोजगारीबाट प्राप्त पुँजी र सिपको उपयोग :
- ❖ वैदेशिक रोजगारीबाट प्राप्त पुँजी र सिपलाई मुलुकको आर्थिक समुन्नतिका लागि उपयोग गर्न देहायका कदम चाल्नु पर्छ :
- ❖ विप्रेषणलाई औपचारिक माध्यमबाट स्वदेश भित्र्याइँ उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन र सहजीकरण गर्ने,

- ❖ ससानो पुँजीलाई बचत गरी लगानी गर्न वित्तीय साक्षरताका कक्षाहरू सञ्चालन गर्ने,
- ❖ वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई उत्पादनमूलक सहकारीमा आबद्ध गराई उत्पादन र उत्पादकत्व बढाउन स्थानीय तहहरूले पहल गर्ने,
- ❖ व्यवसाय स्थापना र सञ्चालनका सम्बन्धमा देखिएका प्रक्रियागत झन्झट हटाई लगानीको वातावरण सहज बनाउने,
- ❖ वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा आश्रित परिवारलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- ❖ वैदेशिक रोजगारीबाट फर्केकाहरूको सामाजिक पुनः एकीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने,
- ❖ वैदेशिक रोजगारीका क्रममा हासिल गरेको सिपलाई प्रमाणीकरण गर्न सहज व्यवस्था गर्ने,
- ❖ विदेशमा आर्जित सिपलाई स्वदेशमा हस्तान्तरण गर्न प्रोत्साहन गर्ने,
- ❖ विदेशमा सिकेको ज्ञान, प्रविधि तथा व्यवस्थापीय कौशललाई स्वदेशी प्रणाली सुधारका लागि उपयोग गर्न सल्लाहकारको रूपमा उपयोग गर्न सकिने,

वैदेशिक रोजगारीमा जानेहरूलाई ठगीबाट बचाउन, अनुभव बाढ्न तथा विप्रेषणको सदुपयोगसम्बन्धी आधारभूत जानकारी प्रदान गर्न स्थानीय सरकारमार्फत रिटर्नी स्वयंसेवकको रूपमा परिचालन गर्ने, अन्त्यमा वैदेशिक रोजगारीले व्यक्तिगत, पारिवारिक तथा राष्ट्रिय तहमा सकारात्मक आर्थिक प्रभाव पारे तापनि सामाजिक तहमा उच्च लागत बेहोर्नु परेको छ । यसलाई न्यूनीकरण गर्न सम्बन्धित निकायको रचनात्मक पहल आवश्यक छ। वैदेशिक रोजगारीबाट फर्केकाहरूको पुँजी, सिप र अनुभवलाई व्यवस्थित रूपमा उपयोग गर्ने वातावरण तयार गर्न सकिएमा उनीहरू मुलुकको आर्थिक समुन्नतिका भरपर्दो माध्यम बन्न सक्छन्। यसका लागि तिनै तहका सरकार, निजी क्षेत्र र स्थानीय सहकारीले प्रोत्साहन, सहयोग र सहजीकरणमा जोड दिन आवश्यक छ।

**नेपालमा सार्वजनिक संस्थान सञ्चालन तथा व्यवस्थापनमा देखा परेका प्रमुख चुनौती उल्लेख गर्दै सार्वजनिक संस्थानको कुशल सञ्चालन तथा व्यवस्थापनका लागि सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ ले तय गरेका मूल नीतिहरू प्रस्तुत गर्नुहोस्।**

नागरिकको अधिकार रक्षा गर्नु राज्यको प्रमुख दायित्व हो । यसका लागि सरकारले अन्य कुराको अतिरिक्त आधारभूत वस्तु तथा सेवा उपलब्धताको सुनिश्चितता गर्नु आवश्यक हुन्छ। निजी क्षेत्र आकर्षित नहुने तथा सरकारले आवश्यक ठानेका क्षेत्रका वस्तु तथा सेवा उत्पादन र वितरण गर्न सार्वजनिक संस्थान स्थापना गरी सञ्चालन गर्ने अभ्यास रहेको छ।

सरकारको अधिकांश लगानी रहने यस्ता संस्थाको उत्पादन र उत्पादकत्व कमजोर हुनुका साथै स्थापनाको उद्देश्य अनुसार सञ्चालन हुन नसक्दा नेपालमा सार्वजनिक संस्थानको प्रभावकारी व्यवस्थापन गर्न तथा संस्थागत सुशासन हासिल गर्न सार्वजनिक

संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ जारी गरी सुधारको पहल गरिएको छ।

सार्वजनिक संस्थान व्यवस्थापनमा देखा परेका प्रमुख चुनौती : सार्वजनिक संस्थानको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी प्रभावकारिता र कार्यकुशलता अभिवृद्धि गर्नु, वित्तीय सुधार र अनुशासन कायम गर्नु, सरकारी लगानीको उचित प्रतिफल सुनिश्चित गर्नु, सङ्गठनात्मक पुनर्संरचना गरी संस्थान सञ्चालनमा प्रशासनिक खर्च तथा अनावश्यक आर्थिक दायित्व कम गर्नु, सञ्चालक समितिको प्रभावकारिता अभिवृद्धि गर्नु,

सार्वजनिक संस्थानको व्यावसायिकताका लागि उपयुक्त स्वरूप र सञ्चालन ढाँचा निर्धारण गर्नु, आमनागरिकको अपेक्षा अनुसार वस्तु तथा सेवाको उत्पादन तथा सेवा वितरणमा सुधार गर्नु, नीतिगत, कानुनी र प्रक्रियागत सुधारमार्फत संस्थान सञ्चालनमा बाह्य हस्तक्षेप न्यूनीकरण गर्नु।

सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासनमा तय गरिएका मूल नीतिहरू : सार्वजनिक संस्थानको व्यवस्थापनमा स्वायत्तता, कार्यप्रणालीमा व्यावसायिकता र पारदर्शिता कायम गरिने, सार्वजनिक संस्थान व्यवस्थापनको नेतृत्व तथा सञ्चालक छनोटमा पारदर्शिता, योग्यता प्रणाली र प्रतिस्पर्धा सुनिश्चित गरिने, उपयुक्त र नवीन प्रविधिको प्रयोग गरी सार्वजनिक संस्थानको सेवा प्रक्रिया सरलीकरण, र सुदृढ आन्तरिक नियन्त्रण प्रणाली स्थापित गरिने, सार्वजनिक संस्थानमा पारदर्शी निर्णय प्रक्रिया, सेवाग्राहीप्रति उत्तरदायी र नियमित अनुगमन प्रणालीको स्थापना गरिने, सार्वजनिक संस्थानमा वित्तीय अनुशासन कायम गरी स्रोतको महत्तम परिचालन गरिने, सार्वजनिक संस्थानमा दक्ष जनशक्ति व्यवस्थापन तथा सहभागितामूलक निर्णय प्रक्रियामार्फत संस्थानको सेवालाई प्रभावकारी र नतिजामूलक बनाइने, सार्वजनिक संस्थानको उत्पादन र उत्पादकत्व वृद्धि गरिने अन्त्यमा आर्थिक उदारीकरण र निजीकरणको लहरसँगै सार्वजनिक संस्थानको आवश्यकता र औचित्यताको सम्बन्धमा बहस तीव्र हुँदै आएको छ। नेपालमा सार्वजनिक संस्थानको प्रभावकारिता हासिल गर्न सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ ले नीतिगत स्पष्टतासहितको कार्य ढाँचा तय गरेको छ। यस नीतिले पहिचान गरेका सुधारका विषय कार्यान्वयन गरी संस्थान सुधारका प्रयासलाई मूर्त रूप दिनु आजको आवश्यकता हो।

**वैकल्पिक विकास वित्त भनेको के हो ? नेपालमा वैकल्पिक विकास वित्त परिचालनका लागि सम्भावित माध्यम के के हुन सक्छन् ? उल्लेख गर्नुहोस्।**

मुलुकको विकासका लागि सरकारी लगानीका मुख्य स्रोतमा सरकारी राजस्व, सार्वजनिक ऋण तथा दातृ निकायबाट प्राप्त हुने अनुदान प्रमुख स्रोत रही आएका छन्। सरकारी लगानीको यस प्रकारको ढाँचाले नेपाल जस्तो विकासोन्मुख मुलुकको लगानी आवश्यकता पूरा गर्न नसक्ने हुँदा लगानीमा नवप्रवर्तनशील ढाँचाको खोजी गर्ने क्रममा वैकल्पिक विकास वित्तको अवधारणाले प्रवेश पाएको छ। त्यसैले वैकल्पिक विकास वित्तलाई परम्परागत सरकारी राजस्व, ऋण

तथा दातृ निकायको सहायताबाहेक अन्य वैकल्पिक स्रोतबाट विकासका लागि आवश्यक पुँजी परिचालन गर्ने नवप्रवर्तनशील वित्तीय प्रबन्धको रूपमा बुझ्न सकिन्छ । यसले विकासका लागि पुँजी जुटाउन परम्परागत वित्तीय स्रोत माथिको निर्भरतालाई घटाउँदै निजी क्षेत्र, समुदायिक क्षेत्र, गैरआवासीय नेपाली, आमलगानीकर्ता तथा सर्वसाधारणको स्रोतसाधनलाई एकीकृत र समिश्रित गरी उपयोग गर्न जोड दिन्छ ।

वैकल्पिक विकास वित्त परिचालनका माध्यम : कुनै आयोजना विशेषका लागि विभिन्न प्रकारका वित्तीय उपकरण जारी गरी लगानीकर्ता वा सर्वसाधारणबाट रकम उठाएर, नेपाल सरकार वा कुनै अन्तर्राष्ट्रिय वित्तीय संस्था वा कुनै खास आयोजना कार्यान्वयन गर्ने निकायको जमानत लिई त्यस्तो आयोजनाका लागि आयोजना विशेष ऋण उठाएर, नेपाल सरकार वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत प्राप्त गरी सर्वसाधारण वा वित्तीय संस्थाबाट ऋण वा ऋणपत्र वा दुवै प्राप्त गर्न जमानत कोष स्थापना गरेर, स्वदेशी वा विदेशी लगानीकर्ताबाट पुँजी सङ्कलन गरी लगानी कोष स्थापना गरेर,

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीको लगानीमा विप्रेषण कोष –रेमिट फन्ड) स्थापना गरेर, कुनै आयोजना वा निकायको सम्पत्ति मौद्रिकीकरण गरेर,पूर्वाधार आयोजनामा लगानी गर्न स्थापना भएका विभिन्न कोषमा लगानी गर्न एकीकृत कोष –फन्ड अफ फन्ड) स्थापना गरेर, अन्य वित्तीय उपकरण प्रयोग गरी कोष स्थापना वा वित्तीय उपकरण जारी गरेर । अन्त्यमा मुलुकमा विद्यमान वित्तीय स्रोतको कमी पूर्ति गर्दै राष्ट्रिय प्राथमिकताका परियोजनामा स्रोत जुटाई मुलुकको समग्र विकासका लागि स्रोतको प्रबन्ध गर्न वैकल्पिक विकास वित्तलाई महत्वपूर्ण माध्यमको रूपमा पहिचान गरिएको छ । सरकारका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत वैकल्पिक विकास वित्त परिचालन गर्ने कानुनी व्यवस्था गर्ने उद्घोष गरे पनि हालसम्म कानुन निर्माण नहुँदा वैकल्पिक विकास वित्तको उपयोग गर्न सकिएको छैन । सरकारले अत्यावश्यक ठानेको यस कानुनलाई अन्तिम रूप दिई मुलुकको विकास प्रक्रियालाई तीव्र गतिमा अगाडि बढाउन सरोकारवाला निकायले पहल गर्नु पर्छ ।

**नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई ऋण उपलब्ध गराउने प्रक्रिया उल्लेख गर्नुहोस्।**

नेपालमा प्रदेश तथा स्थानीय सरकारको वित्तीय आवश्यकता परिपूर्ति गर्न राजस्व अधिकार, अनुदान, राजस्व बाँडफाँट र आन्तरिक ऋणको प्रबन्ध गरिएको छ । सङ्घीय संरचनामा सार्वजनिक वित्त व्यवस्थापनलाई निर्देशित गर्न अन्तरसरकारी वित्त व्यवस्थापन ऐन जारी भएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन ऐनमार्फत तीन तहको आन्तरिक ऋण व्यवस्थापनका लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई जिम्मेवार बनाइएको छ । नेपाल सरकारले ऋण उपलब्ध गराउने प्रक्रिया : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १५ ले नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई ऋण दिन सक्ने व्यवस्था गरेको छ । यससम्बन्धी प्रक्रिया देहायबमोजिम रहेको छ ।

प्रदेश वा स्थानीय तहले ऋण उपयोग, भुक्तानीको तरिका तथा समयसीमासमेत उल्लेख गरी ऋणका लागि अर्थ मन्त्रालयसमक्ष अनुरोध गर्ने, प्रदेश वा स्थानीय तहको अनुरोधलाई अध्ययन गरी मनासिब देखिएमा ऋण प्रदान गर्ने स्वीकृति प्रदान गर्ने, ऋण प्रदान गर्ने स्वीकृति भएपश्चात् प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्ने, प्रदेश तथा स्थानीय तहले ऋण सम्झौतामा उल्लेख भएको अविधिभित्र ऋण रकम चुक्ता गर्ने, सम्झौता अवधिभित्र ऋण चुक्ता गर्न नसकेमा नेपाल सरकारले प्रदान गर्ने अनुदानबाट ऋण असुली गर्न सक्ने।

अन्त्यमा प्रदेश र स्थानीय तहलाई आन्तरिक ऋण उठाउने अधिकार रहे पनि आन्तरिक ऋण मुलुकको समष्टिगत आर्थिक स्थायित्वसँग जोडिएको हुन्छ। यो प्रदेश तथा स्थानीय तहको निरपेक्ष अधिकारको रूपमा नभई यसलाई संवैधानिक र अन्य कानुनी सीमाहरूबाट नियन्त्रित गरिएको छ। प्रदेश र स्थानीय तहमार्फत पहिचान गरिएका उच्च र दिगो प्रतिफल दिने परियोजनामा ऋण लगानी गरी मुलुकको समृद्धिमा योगदान गर्न सङ्घीय सरकारले ऋण प्राप्तिको प्रक्रियागत सरलीकरणमा ध्यान दिनु पर्छ।

**तहगत सरकारबिच राजस्व बाँडफाँटका सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका उल्लेख गरी नेपालमा राजस्व बाँडफाँटको व्यावहारिक अभ्यासमा देखा परेका कमीकमजोरी औँल्याउनुहोस्।**

कुनै एक तहको सरकारले सङ्कलन गरेको राजस्व अन्य तहका सरकारबिच बाँडफाँट गर्ने कार्यलाई राजस्व बाँडफाँट भनिन्छ। नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनले राजस्व बाँडफाँटसम्बन्धी विषय प्रस्ट पारेका छन्। राजस्व बाँडफाँट सम्बन्धमा आयोगको भूमिका : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संवैधानिक तथा कानुनी अधिकार अन्तर्गत रही तहगत सरकारबिच राजस्व बाँडफाँट गर्दा देहायका प्रमुख कार्य गर्छ। सङ्घ, प्रदेश र स्थानीय सरकारबिच राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, प्रदेश र स्थानीय सरकारबिच राजस्व बाँडफाँटका विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरवलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने, नेपाल सरकार, प्रदेश वा स्थानीय तहबिच राजस्वको बाँडफाँटका सम्बन्धमा उठेका विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने, नेपाल सरकार तथा प्रदेश सरकारले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने, राजस्व बाँडफाँट सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गराउने।

राजस्व बाँडफाँटको अभ्यासमा देखा परेका कमजोरी : राजस्व बाँडफाँट गर्दा लिनुपर्ने आधार ऐनबाट निर्धारण गरिएकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको क्षेत्राधिकार र आयोगले गर्ने अध्ययन अनुसन्धानको दायरा सङ्कुचित भएको छ।

नेपाल सरकारको राजस्व प्रक्षेपण महावाकाङ्क्षी हुँदा राजस्व बाँडफाँटमा प्रतिबद्धता र प्राप्तबिच खाडल सिर्जना हुने र प्रदेश तथा स्थानीय तहको वार्षिक बजेट

तथा योजना प्रक्रिया प्रभावित हुने गरेको, प्रदेश सवारी करको हिस्सा निर्धारणलाई वस्तुनिष्ठ बनाउन आयोगमा अद्यावधिक तथ्याङ्कको अभाव रहेको, प्रदेश सवारीसाधन कर मासिक रूपमा हस्तान्तरण हुने व्यवस्थाको पूर्ण कार्यान्वयन हुन नसकेको, स्थानीय तहबाट सङ्कलन भई प्रदेशमा हस्तान्तरण हुने राजस्व बाँडफाँटसम्बन्धी व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा आउन नसकेको, असार २० गतेपश्चात् सङ्कलन हुने राजस्वको बाँडफाँट सोही आर्थिक वर्षभित्र गर्न नसकिएको, मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबापतको अन्तशुल्कमा हुने चुहावट नियन्त्रणमा सहयोग र समन्वय गरी राजस्व असुलीमा सुधार गर्न प्रदेश र स्थानीय तहको चासो न्यून रहेको, प्रदेश र स्थानीय तहको प्रशासनिक खर्च बढ्दै जाँदा राजस्व बाँडफाँटबापतको रकमलाई पुँजी निर्माणमा उपयोग गर्न नसकिएको,अन्त्यमा सरकार सञ्चालनको मूल स्रोत राजस्व हो।

राजस्व अधिकार र राजस्व बाँडफाँटको संवैधानिक प्रबन्धले प्रदेश र स्थानीय तह सञ्चालनका लागि आवश्यक स्रोत सुनिश्चित गरेको छ । राजस्व बाँडफाँटको व्याावहारिक अभ्यासमा देखिएका कमीकमजोरी सुधार गर्न तिनै तहका सरकारबिच समन्वय र सहकार्य हुनु आवश्यक छ। प्रदेश तथा स्थानीय तहले विद्यमान प्रशासनिक संरचना चुस्त बनाई खर्च प्रिव्रmयालाई मितव्ययी बनाउँदै राजस्व बाँडफाँटबाट प्राप्त स्रोतलाई पुँजी निर्माणमा उपयोग गर्ने वातावरण सिर्जना गर्नु पर्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**




